१२२३/८४१

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४३१/२०७१/०७२

निर्णय नं. ८४१

जिल्ला धादिङ, चैनपुर बस्ने मोहन प्रसाद लोहनी ........................................... १ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय धादिङ.............................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला स्वास्थ्य कार्यालय धादिङ ..............................................१

विषय :- आवश्यक कागजात उपलब्ध गराउनु भनिएकोमा उपलब्ध नगराईएकोले तामेलीमा राख्ने ।

जिल्ला धादिङ, चैनपुर बस्ने मोहन प्रसाद लोहनीले जिल्ला स्वास्थ्य कार्यालय धादिङ समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।२० मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०२।३२ को पत्रबाट जिल्ला धादिङ, चैनपुर बस्ने मोहन प्रसाद लोहनीलाई आवश्यक कागजात पेश गर्नु भनी पत्राचार गरिएको । उक्त पत्राचार पश्चात पुनरावेदकले आवश्यक कागजात पेश नगरेको तथा सूचना पनि पाए नपाएको सम्वन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले आवश्यक कागजात पेश गरी सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ जेठ २ गते रोज १ शुभम्